नेपाल सरकार
**गृह मन्त्रालय**

# विपद् जोखिम व्यवस्थापनका लागि संघ, प्रदेश र स्थानीय तहबिचको सहकार्य र समन्वय सम्बन्धी प्रस्तुती

मिति २०८० साउन २२


तुलसी प्रसाद दाहाल
उपसचिव
गृह मन्त्रालय

# मार्गदर्शनको आवश्यकता र तर्जुमाका आधार

नेपालको संविधानमा उल्लेख भए बमोजिम विपद् व्यवस्थापनको विषयलाई थप स्पष्ट पार्न

संघ, प्रदेश र स्थानीय तह (समन्वय र अन्तरसम्बन्ध) ऐन, २०७७, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, प्रदेश तथा स्थानीय विपद् व्यवस्थापन सम्बन्धी कानूनहरू

विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी राष्ट्रिय परिषद्को मिति २०७६ बैसाख २२ गतेको निर्णय बमोजिम कानूनी व्यवस्था गर्न

# मार्गदर्शनको उद्देश्य

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि संघ, प्रदेश र स्थानीय तहबीच जिम्मेवारी र उत्तरदायित्वका आधारमा सहकार्य र समन्वय गर्ने,

प्रकोपको खतराको तह वर्गीकरण गरी जिम्मेवार तह र निकायको व्यवस्थापन गर्ने,

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका कार्यमा दुविधा तथा दोहरोपना हुन नदिने र कोही कतै छुट्न नदिने,

विपद् जोखिम व्यवस्थापनको कार्य समाजका समग्र पक्षलाई आवद्ध गराउन Whole of the Society को अवधारणाका साथ गर्ने, गराउने ।

तीनै तहको समन्वय र सहकार्यमा विपद् जोखिम न्यूनीकरण गर्नुका साथै जनधनको क्षति कम गर्ने ।

# प्रकोपको वर्गीकरण

- **भौगर्भिकः** भूकम्प, ज्वालामुखी, भूस्खलन, पहिरो आदि ।
- **मौसमजन्यः** चटयाङ्ग, अनावृष्टि, हावाहुरी, असिना आदि ।
- **जलजन्यः** बाढी, डुवान, नदी कटान, हिमपात, हिमपहिरो आदि ।
- **हावापानीजन्यः** शीतलहर, हुस्सु, डढेलो, खडेरी, लू, तुषारो आदि ।
- **जैविकः** रोगव्याधि, सर्पदंश, रेबिज, महामारी, फ्लु आदि ।
- **दुर्घटनाः** खानी, हवाई, सडक, जल वा औद्योगिक दुर्घटना आदि ।
- **प्रदूषणः** जलवायु परिवर्तन, वन डढेलो, मरुभूमिकरण आदि ।
- **अन्यः** खाद्य सङ्कट आदि ।

# प्रकोप र खतराको तह वर्गीकरणका आधारहरू

- **प्रकोपको वर्गीकरणका आधारहरू**

➢ प्रकोपको स्रोत वा उत्पन्न हुने कारणका आधारमा,

➢ प्रकोप फैलावटको सम्भावना र प्रकृतिका आधारमा,

➢ प्रकोपको सङ्क्रामक क्षमता र जनधनको सम्भावित क्षतिका आधारमा,

➢ प्रकोपको पुनरावृत्तिका आधारमा,

➢ प्रकोपको तीव्रता (Intensity) का आधारमा,

➢ प्रकोपको परिमाण (Magnitude) का आधारमा,

➢ बिस्तारै वा अकस्मात् वा तत्काल उत्पन्न हुने आधारमा र

➢ कम वा तीव्र गतिमा फैलावट (Expansion) हुने आधारमा ।

**प्रकोपको खतराको तह (danger level) निर्धारण गर्ने आधारहरू:-**

➢ प्रकोपको उद्गम र प्रकृति (मात्रा, गति, परिमाण, सङ्क्रामक क्षमता),


➢ प्रकोपको उद्गम, प्रकृति अनुसारको बहाव वा बिस्तार र प्रभाव क्षेत्र,

➢ प्रकोपको प्रकृति र मात्रा अनुसार खतराको तहमा हुन सक्ने भिन्नता,

➢ लिङ्ग, वर्ग, उमेर, समुदायमा हुनसक्ने भिन्न प्रभाव वा जैविक सङ्क्रामकता र

➢ अन्य आवश्यक आधारहरू ।

# विपद्को स्तर निर्धारणका आधारहरू




- विपद्मा परी मृत्यु हुने मानिसको संख्या,
- प्रकोपबाट घाइते वा बिरामी हुने मानिसको संख्या,
- विपद्का कारण विस्थापित परिवारको संख्या,
- खाद्यान्न तथा बन्दोवस्ती सहायता चाहिनेको संख्या,
- अत्यावश्यक सेवामा भएको अवरोध,
- प्रभावित भौगोलिक क्षेत्र वा स्थानीय तहको संख्या,
- अत्यावश्यक बस्तु वा सेवाको अभाव,
- विपद्को सामना गर्न बाह्य सहयोगको आवश्यकता र
- अन्य आवश्यक सूचक ।

# विपद् जोखिम व्यवस्थापनका लागि प्रस्तावित अन्तर तहको क्षमता

संघ, प्रदेश र स्थानीय तहले प्रकोपको प्रकृति र उत्पन्न विपद् परिस्थिति अनुसारको क्षमता विकास गर्नुपर्नेछ

- स्थानीय तहले सामान्यस्तर सम्मको विपद् व्यवस्थापन गर्ने,
- जिल्लाले मध्यमस्तरम्मको (एकभन्दा बढी स्थानीय तहको) विपद् व्यवस्थापन गर्ने,
- प्रदेशले ठूलो स्तरको विपद् व्यवस्थापन गर्ने, र
- संघले महाविपद्को व्यवस्थापन साथै अवशिष्ट जिम्मेवारी पूरा गर्ने ।

# विपद्को स्तर निर्धारणका आधारको प्रस्तावित सूची(१/२

| प्रकोप, विपद्का सूचकहरू | विपद्को स्तर | | | |
|---|---|---|---|---|
| | सामान्य स्तरको विपद् L0 | मध्यम स्तरको विपद् L1 | ठुलो स्तरको विपद् L2 | महाविपद् L3 |
| विपद्को कारण मृतक वा वेपत्ता हुनेको संख्या | शून्य | १ देखि ५ जना सम्म | ६ देखि ५० जना सम्म | ५० जना भन्दा बढी |
| विपद्को कारण घाइते वा विरामी हुनेको संख्या | १ देखि १० जना सम्म | ११ देखि ५० जना सम्म | ५१ देखि २०० सम्म | २०० जना भन्दा बढी |
| आश्रयस्थलमा राख्नुपर्ने विपद् प्रभावित परिवारको संख्या (समय अवधि कम्तीमा सात दिन) | १ देखि १० सम्मको परिवार संख्या | ११ देखि ५० सम्मको परिवार संख्या | ५१ देखि ५०० सम्मको परिवार संख्या | ५०० भन्दा बढी परिवार संख्या |
| खाद्यान्न उपलब्ध गराउनु पर्ने परिवारको संख्या (समय अवधि कम्तीमा सात दिन) | १ देखि १० सम्मको परिवार संख्या | ११ देखि ५० सम्मको परिवार संख्या | ५१ देखि ५०० सम्मको परिवार संख्या | ५०० भन्दा बढी परिवार संख्या |
| प्रकोप बिस्तार भएको वा विपद् प्रभावित क्षेत्र | एउटा स्थानीय तह | एकभन्दा बढी स्थानीय तह | एकभन्दा बढी जिल्ला | एकभन्दा बढी प्रदेश |
| धनसम्पत्ति र जीविकाको हानी नोक्सानी | प्रभावितले आफै हानी नोक्सानी पुनर्भरण गर्न सक्छन् । | प्रभावितले स्थानीय तहको सहयोगमा हानिनोक्सानी पुनर्भरण गर्न सक्छन्। | स्थानीय तहले मात्रै प्रभावितको पुनर्लाभ गराउन सक्दैन । | प्रदेशले मात्रै प्रभावितको पुनर्लाभ गराउन सक्दैन । |

# विपद्को स्तर निर्धारणका आधारको प्रस्तावित सूची (२/२

| प्रकोप, विपद्का सूचकहरू | विपद्को स्तर | | | |
|---|---|---|---|---|
| | सामान्य स्तरको विपद् L0 | मध्यम स्तरको विपद् L1 | ठुलो स्तरको विपद् L2 | महाविपद् L3 |
| विपद् प्रतिकार्य एवं आपत्कालीन सहायता सेवाको उपलब्धता (जनशक्ति, उपकरण, सामग्री, भौतिक संरचना) | घटनाको सामना गर्न आवश्यक श्रोतहरू स्थानीय तहमानै उपलब्ध छन् । | स्थानीय तहमाउपलब्ध छन् । थप आवश्यक भए स्थानीय तहले व्यवस्था गर्न सक्छ । | स्थानीय तहलाई आपत्कालीन सहायता आवश्यक पर्छ । | प्रदेशलाई संघको सहायता आवश्यक पर्छ । |
| सम्भावित प्रत्यक्ष वा अप्रत्यक्ष कास्केडिङ (अन्य प्रकोप उत्पन्न हुन वा फैलिन सक्ने) असर | न्यून | मध्यम | उच्च | गम्भिर |
| सङ्क्रामक, सरुवा रोग फैलिने जोखिम | न्यून | मध्यम | उच्च | विनाशकारी |
| **(अन्य सूचकहरू थप्न सकिनेछ)** | | | | |
| **विपद् प्रतिकार्यको नेतृत्व गर्ने प्राथमिक जिम्मेवारी** | **स्थानीय तह** | **स्थानीय तह (महानगरपालिका र उपमहानगरपालिका) /जिल्ला** | **प्रदेश** | **संघ** |
| सम्भावित सहयोग | जिल्ला विपद् व्यवस्थापन समिति | जिल्ला विपद् व्यवस्थापन समिति, प्रदेश | संघ | अन्तर्राष्ट्रिय आव्हान |

# विपद् जोखिम व्यवस्थापनका लागि गरिने कार्यहरू

प्रकोप तथा विपद् जोखिम लेखाजोखा र नक्शाङ्कन

प्रकोप निगरानी र विपद् पूर्वसूचना प्रणाली सञ्चालन

विपद् जोखिम न्यूनीकरण र पूर्वतयारी


विपद् प्रतिकार्य र राहत व्यवस्थापन

विपद् पछिको पुनःस्थापना र पुनर्निर्माण

विकास सहायता परिचालन

# अन्तर तह समन्वय र सहकार्य

- अन्तर तहको साझा लक्ष्य र उद्देश्यका साथ कार्य गर्नुपर्ने,
- विकास निर्माणमा विपद जोखिमको मूलप्रवाहीकरण गर्ने, विकासका कारण थप क्षति हुन नदिने/पुनर्भरण गर्नुपर्ने,
- विपद् पूर्वतयारी र प्रतिकार्यमा समन्वय र सहकार्य गर्नुपर्ने,
- विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि स्थानीय तहको प्राथमिक जिम्मेवारी,
- एकीकृत विपद् तथ्याङ्क व्यवस्थापन सम्बन्धी व्यवस्था,
- विपद् प्रतिकार्यका लागि स्वयं परिचालित हुनुपर्ने, सहयोगका लागि तत्काल अर्को तहलाई जानकारी गराउने,
- विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि प्रदेशले समन्वय गर्नुपर्ने,
- संघीय निकाय तथा प्राधिकरणको भूमिका, जिम्मेवारी र सहकार्य ।


DEVELOPMENT REALM
NEGATIVE REALM
POSITIVE REALM
DISASTER REALM
Development can increase vulnerability
Development can reduce vulnerability
Disasters can set back development
Disasters can provide development opportunities


धन्यवाद